कार्यपालिकाबाट स्वीकृत भएको मितिः २०८२/०९/२३

# बालुवा प्रशोधन उद्योग संचालन कार्यविधि, २०८२

इटहरी उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इटहरी, सुनसरी

# बालुवा प्रशोधन उद्योग संचालन कार्यविधि, २०८२

नेपालको संविधान, २०७२ को धारा २२६ ले दिएको अधिकार प्रयोग गरी नेपालको संविधानको अनुसूची ८ को क्रम संख्या २१ र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११, (२)(प) को ७ मा रहेको ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नविकरण, खारेजी र व्यवस्थापन सम्बन्धी कार्यलाई व्यवस्थित गर्न इटहरी उपमहानगरपालिकाको प्रशासकीय नियमाबली (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ बमोजिम इटहरी उपमहानगरपालिकाको बालुवा प्रशोधन उद्योग संचालन कार्यविधि, २०८२ स्वीकृत गरी जारी गरेको छ।

## परिच्छेद (१)
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः यो कार्यविधिको नाम इटहरी उपमहानगरपालिकाको "बालुवा प्रशोधन उद्योग संचालन कार्यविधि, २०८२" रहेको छ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. **"उपमहानगरपालिका"** भन्नाले इटहरी उपमहानगरपालिकालाई सम्झनु पर्छ।

ख. **"नगर कार्यपालिकाको कार्यालय"** भन्नाले इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

ग. **"प्रमुख"** भन्नाले इटहरी उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्छ।

घ.. **"उपप्रमुख"** भन्नाले इटहरी उपमहानगरपालिकाको नगर उप प्रमुखलाई सम्झनु पर्छ।

ङ **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले इटहरी उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

च **"कार्यविधि"** भन्नाले इटहरी उपमहानगरपालिकाका बालुवा प्रशोधन उद्योग संचालन कार्यविधि, २०८२ भन्ने सम्झनु पर्छ।

छ. **"माटो र बालुवाजन्य पदार्थ"** भन्नाले उत्खनन, संकलन र प्रशोधन गर्न अनुमति भएको वर्षाद्को बाढीले बगाएर ल्याएको माटो तथा बालुवा, बगर लगायत क्षेत्रबाट संकलन र उत्खनन गर्दा निस्कने माटो बालुवा सम्झनुपर्छ।

ज. **"प्रारम्भिक वातावरणीय परीक्षण"** भन्नाले वातावरण संरक्षण ऐन, २०७६ को दफा २ (ड) बमोजिमको प्रारम्भिक वातावरणीय परीक्षणलाई सम्झनुपर्छ।

झ. **"प्रस्तावक"** भन्नाले बालुवा प्रशोधन उद्योग संचालन गर्न निवेदन दिने निवेदकलाई सम्झनुपर्छ।

# परिच्छेद २

## ३. बालुवा प्रशोधन उद्योग संचालन

(१) उपमहानगरपालिका क्षेत्रभित्र बालुवा प्रशोधन  उद्योग संचालनका लागि प्रस्तावकले यो कार्यविधि लागू भए पछि सम्बन्धित  निकायबाट कम्पनी दर्ता लगायतको  प्रमाणपत्र सहित उद्योग संचालन गर्न  दर्ता र अनुमतिका लागि उद्योग संचालन  गर्ने स्थानको कम्तिमा १० कठा जग्गाको लालपूर्जा वा जग्गा भाडामा लिएको सम्झौता पत्र लगायतका  कागजात सहित अनुसूची १ बमोजिमको ढाँचामा उपमहानगर कार्यपालिकाको कार्यालयमा निवेदन दिनु पर्नेछ । साथै  उक्त निवेदन साथ प्रस्तावकले संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा  प्रारम्भिक वातावरणीय परीक्षण तयारीका  लागि बालुवा प्रशोधन गर्ने स्थल, बालुवा  तथा माटो उत्खनन र संकलन गर्ने क्षेत्र  उल्लेख गरी अध्ययन प्रतिवेदन तयार गर्न आवश्यक पर्ने सम्बन्धित क्षेत्रका  विज्ञहरुको विवरण सहितको प्रस्ताव पेश  गर्नु पर्नेछ । उक्त प्रस्तावमा हिलो थेग्रने  पोखरी र Treatment plant राखी  फोहर पानी ब्यवस्थापन गर्ने योजना र  वातावरणमा प्रतिकूल प्रभाव नपर्ने गरी  उद्योग संचालन गर्ने कार्ययोजना समेत  पेश गर्नुपर्नेछ । यसरी पेश गरेको प्रस्ताव  उपयुक्त लागेमा नगर कार्यपालिकाको  कार्यालयले प्रस्ताव स्वीकृत गरी संक्षिप्त  वातावरणीय अध्ययन प्रतिवेदन वा  प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन  तयार गरी पेश गर्न अनुमति दिनेछ ।

(२) वालुवा प्रशोधन गर्ने दर्ताका लागि दुरी सम्बन्धि मापदण्ड:

| क.सं. | विवरण | कायम दरीको मापदण्ड | दुरी प्रमाणित गर्ने निकाय |
|---|---|---|---|
| १ | राजमार्गको राइट अफ वेबाट | २०० मि. | सम्वन्धित पालिका |
| २ | खोला वा नदी किनारबाट | ३०० मि. | सम्वन्धित पालिका |
| ३ | शिक्षण संस्था, स्वास्थ्य संस्था, धार्मिक, सांस्कृतिक पुरातात्विक महत्वका स्थानबाट | ५०० मि. | सम्वन्धित पालिका |
| ४ | पक्की पुलबाट | ५०० मि. | सम्वन्धित पालिका |
| ५ | अन्तराष्ट्रिय सिमाबाट | ५ कि.मि. | सम्वन्धित पालिका |
| ६ | वनबाट | १.५ कि.मि. | सम्वन्धित पालिका |
| ७ | घनावस्तीबाट | ५०० मि. | सम्वन्धित पालिका |
| ८ | हाइटेन्सन लाइनबाट | २०० मि | विधुत प्राधिकरण |
| ९ | ऐतिहासिक ताल, तलैया, जलाशय र पोखरीबाट | ५०० मि. | सम्वन्धित पालिका |
| १० | चुरे पहाडको फेदीबाट | १ कि.मि. | सम्वन्धित पालिका |

(३) संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन  वा प्रारम्भिक वातावरणीय परीक्षण  प्रतिवेदन तयारीको प्रक्रिया:उपदफा (१) र (क२)  बमोजिम प्रस्ताव स्वीकृत भए पश्चात् सम्बन्धित प्रस्तावकले विज्ञ सहितको टोली संलग्न राखी स्थलगत नापजाँच सहित उत्खनन् तथा संकलन गरिने स्थानहरुको नाम र परिमाण लगायतको यथार्थ विवरण तयार गर्नुपर्नेछ। यसरी तयार गरिएको प्रतिवेदनमा सम्बन्धित वडा कार्यालयको सिफारिस समेत संलग्न राख्नु पर्नेछ । साथै उक्त अध्ययन प्रतिवेदनमा वातावरणीय प्रतिकूल प्रभाव न्यूनीकरणका उपायहरु समेत समेटिएको हुनुपर्दछ ।

(४) उपदफा (२)  र (३) बमोजिमका विवरण  समेटिएको पूर्ण अध्ययन प्रतिवेदन  स्वीकृतिका लागि नगर कार्यपालिकाको  कार्यालयमा पेश गर्नु पर्नेछ ।

# परिच्छेद ३

## ४. बालुवा प्रशोधन उद्योग संचालनको दर्ता, अनुमति र नवीकरण सम्बन्धी व्यवस्थाः

(१) बालुवा प्रशोधन उद्योग संचालनको दर्ता र अनुमतिः दफा ३ बमोजिमको प्रक्रिया पूरा गरी उद्योग दर्ता र अनुमतिका लागि संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पेश गर्ने प्रस्तावकको प्रस्तावका सम्बन्धमा कार्यालयले दफा ५ बमोजिमको सुझाव समितिले स्थलगत निरीक्षण गरी उद्योग संचालन गर्न उपयुक्त हुने नहुने सम्बन्धी राय सहितको प्रतिवेदन पेश गर्न अनुमति दिनेछ । यसरी अनुमति प्राप्त भए पछि उक्त सुझाव समितिले प्रस्तावकले पेश गरेको प्रतिवेदनको अध्ययन गरी स्थलगत निरीक्षण र जाँचबुझ समेत गरी सम्बन्धित सरोकारवाला निकाय र आवश्यकता अनुसार विज्ञको समेत राय लिई उद्योग संचालन गर्न उपयुक्त हुने नहुने सम्बन्धी राय सहितको प्रतिवेदन कार्यालय समक्ष पेश गर्नुपर्नेछ । यसरी प्राप्त प्रतिवेदन सहितका आधारमा प्रस्तावकको उद्योग संचालन सम्बन्धी प्रस्ताव कार्यान्वयनबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखिएमा नगर प्रमुखको तहको निर्णयले प्रस्तावकले पेश गरेको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत गरी प्रस्तावकले पालना गर्नुपर्ने शर्त तोकी उक्त बालुवा प्रशोधन उद्योग दर्ता गरी अनुसूची ३ को ढाँचामा उक्त उद्योग संचालनको अनुमति दिन सक्नेछ । यसरी अनुमति दिंदा बढीमा २ (दुई) वर्षको लागि बालुवा प्रशोधन उद्योग संचालन अनुमति दिन सक्नेछ ।

(२) बालुवा प्रशोधन उद्योग संचालनको नवीकरणः उपमहानगरपालिकामा दर्ता भई अनुमति लिएर संचालित बालुवा प्रशोधन उद्योगले प्रत्येक आर्थिक वर्ष सुरु भएको तीस दिनभित्र अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिई उक्त उद्योग नवीकरणका लागि पेश गर्नुपर्नेछ । पेश हुन आएको निवेदन र व्यहोरा उपयुक्त ठहरेमा कार्यालयको तर्फबाट अनुसूची ४ बमोजिमको ढाँचामा उक्त उद्योग नविकरणको निस्सा उपलब्ध गराउनेछ । यस कार्यविधि लागू हुनु भन्दा अघि नगरपालिकाबाट कुनै किसिमको अनुमति लिएर बालुवा प्रशोधन उद्योग संचालन भएको भए उक्त उद्योगले समेत यसै कार्यविधि बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण गर्ने लगायतको प्रक्रिया पूरा गरी नवीकरण गर्नु पर्नेछ । तर सरकारी पर्ति जग्गा वन क्षेत्र लगायतका क्षेत्रमा उक्त उद्योग संचालन अनुमति दिइनै छैन ।

(३) बालुवा प्रशोधन उद्योग संचालन गर्दा देहाय बमोजिमको सर्तहरु पालना गर्नु पर्नेछ ।

(क) Treatment plant राखी फोहर पानी अनिवार्य रुपमा व्यवस्थापन गर्नुपर्नेछ ।

(ख) प्रत्येक २ (दुई) वर्षमा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गराउनु पर्नेछ ।

(ग) बालुवा प्रशोधन उद्योग संचालनका लागि प्रस्ताव पेश गर्ने प्रस्तावकको प्रस्ताव स्वीकृत भई दर्ताको प्रक्रिया अघि बढेमा प्रस्तावकले रु ५,००,०००।- (पाच लाख) नगद नगर कार्यपालिकाको कार्यालयमा धरौटी बुझाउनु पर्नेछ । त्यसैगरी उक्त उद्योग संचालन दर्ता वापत रु २,००,०००।- (दुइ लाख) र नवीकरण वापत रु १,००,०००।- (एक लाख) दस्तुर लाग्नेछ ।

(घ) वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी वा जन जीवन र जन स्वास्थ्यलाई खतरा हुने गरी काम गर्न पाइने छैन ।

(ङ) समय समयमा यस नगरपालिकाले दिएको निर्देशन पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

(च) प्रचलित कानुनले निषेध गरेका काम कारबाही गर्न पाइने छैन ।

## परिच्छेद ४

## विविध

### ५. सुझाव समिति

बालुवा प्रशोधन उद्योग स्थापना र संचालन गर्न इच्छुक प्रस्तावकको प्रस्ताव बमोजिम स्थलगत निरीक्षण गरी राय सुझाव दिन देहाय बमोजिमको एक सुझाव समिति रहनेछ। समितिले अनुसुची ५ बमोजिमको चेक लिष्टलाई आधार मानेर प्रतिवेदन पेश गर्नु पर्नेछ।

१. प्रमूख प्रशासकीय अधिकृत - संयोजक
२. कानुन शाखा, प्रमुख - सदस्य
३. पूर्वाधार निर्माण, प्रमुख - सदस्य
४.प्रशासन तथा जनशक्ति विकास शाखा, प्रमुख - सदस्य
५. राजश्व व्यवस्थापन शाखा, प्रमुख - सदस्य
६. वावावराण निरिक्षक - सदस्य
७. वन, वातावरण तथा विपद् व्यवस्थापन महाशाखा, प्रमुख - सदस्य सचिव

### ६. अनुगमन

नगर अनुगमन समितिले प्राविधिक सहित बालुवा प्रशोधन उद्योग संचालनबाट वातावरणमा प्रतिकूल प्रभाव परे नपरेको र उक्त उद्योग संचालकले दर्ता र अनुमतिका बखतका सर्तहरु पालना गरे नगरेको सम्बन्धमा नियमित रुपमा स्थलगत अनुगमन गरी प्रतिवेदन पेश गर्नु पर्नेछ ।

### ७. जरिवानाः

यस कार्यविधि बमोजिम अनुमति लिई संचालित बालुवा प्रशोधन उद्योगले यस कार्यविधि र प्रचलित कानुन विपरितका काम गरेको पाईएमा उक्त उद्योगलाई रु. ५०,०००।- (पचास हजार) सम्म जरिवाना गर्न वा अनुमति रद्द गर्न सक्ने सम्मको अधिकार नगर प्रमुखलाई हुनेछ।

८. प्रचलित कानुन बमोजिम हुनेः नगरपालिका क्षेत्रभित्र बालुवा प्रशोधन उद्योग संचालनका सम्बन्धमा यस कार्यविधिमा परेका विषयहरु यसै बमोजिम र नपरेको हकमा प्रचलित नेपाल कानुन (संघीय, प्रदेश र यस नगरपालिकाको) अनुसार हुनेछ।

### ९. बाधा अड्काउ फुकाउने अधिकारः

यो कार्यविधि कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आइपरेमा नगर कार्यपालिकाको निर्णय अनुसार हुनेछ।

१०. संशोधन र खारेजीः यस कार्यविधिको आवश्यकतानुसार संशोधन र खारेजी नगर कार्यपालिकाले गर्नेछ।

## अनुसुची - १
## बालुवा प्रशोधन उद्योग स्थापना र संचालन अनुमतिका लागि दिनु पर्ने दरखास्त ढाँचा
(दफा ३ को उपदफा १ सँग सम्बन्धित)

श्री नगर प्रमुखज्यू,

इटहरी उपमहानगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

इटहरी, सुनसरी ।

विषयः अनुमतिपत्र पाऊँ भन्ने बारे ।

महोदय,

देहाय बमोजिमको बालुवा प्रशोधन उद्योग संचालन गर्न इच्छुक भएकोले मेरो र हाम्रो फर्म र कम्पनीलाई अनुमति पत्र प्रदान गरिदिनु हुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु रछौं । लेखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरे प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

(१) फर्मको पूरा नामः -

(२) ठेगानाः -

(३) उद्योग संचालन गर्ने स्थानः -

(४) उद्देश्यः -

(५) पूँजीः -

(६) कारोबार गर्ने वस्तु तथा कामको विवरणः - (७) संलग्न कागजातहरुः (फर्म दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रतिलिपि, सम्बन्धित निकायमा कम्पनी दर्ता गरेको कागाजात)

दरखास्तवालाको नामः -

ठेगानाः -

सहीः -

नागरिकता नंबरः

सम्पर्क नं

मितिः

अनुसुची - २

बालुवा प्रशोधन उद्योगको नवीकरणका लागि दिनुपर्ने दरखास्त ढाँचा

(दफा ४ को उपदफा २ सँग सम्बन्धित)

श्री नगर प्रमुखज्यू,

इटहरी उपमहानगरपालिका,

नगर कार्यपालिकाको कार्यालय,

ईटहरी, सुनसरी ।

विषयः नवीकरण गरी पाऊँ भन्ने बारे ।

महोदय,

देहाय बमोजिमको बालुवा प्रशोधन उद्योग संचालन गर्न त्याहाँ उपमहानगरपालिकामा दर्ता भई अनुमति लिएर संचालन भएको मेरो/हाम्रो फर्म/कम्पनीको यस चालु आ.व...............मा नवीकरण गरिदिनु हुन आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छुरछौं । लेखिएको व्यहोरामा कुनै कुरा झुट्टा ठहरे प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

(१) फर्मको पूरा नामः -

(२) ठेगानाः -

(३) उद्योग संचालन गर्ने स्थानः -

(४) उद्देश्यः -

(५) पूँजीः -

(६) कारोबार गर्ने वस्तु तथा कामको विवरणः - (७) संलग्न कागजातहरुः (फर्म दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, नागरिकताको प्रतिलिपि, सम्बन्धित निकायमा कम्पनी दर्ता गरेको कागजात)

दरखास्तवालाको नामः -

ठेगानाः -

सहीः -

नागरिकता नंबरः (

सम्पर्क नं

मितिः

अनुसुची -३

बालुवा प्रशोधन उद्योग स्थापना र संचालन अनुमतिपत्रको ढाँचा (दफा ४ को उपदफा १ सँग सम्बन्धित)

विषयः अनुमति पत्र ।

श्री...............................

...................................।

महाशय,

तपाईंको फर्मरकम्पनीले .......................सम्बन्धी कार्य गर्नको लागि यस कार्यालयमा पेश गर्नु भएको निवेदन र संलग्न कागजात उपर कारबाही हुँदा मिति...............................को निर्णयानुसार ...........................कार्य गर्ने गरी २ (दुई) वर्षका लागि यो अनुमतिपत्र दिइएको छ। प्रचलित कानुन बमोजिम गर्नु गराउनु होला ।

(१) अनुमति प्राप्त गर्ने फर्मरकम्पनीको नामः - (२) संचालकको नामः (

(३) ठेगानाः -

(४) फर्मरकम्पनी संचालन गर्ने स्थानः -

(५) चार किल्लाः -

अनुमति पत्र प्रदान गर्नेको

नामः -

पदः -

दस्तखतः -

मितिः (

अनुसुची -४
बालुवा प्रशोधन उद्योगको नवीकरणको ढाँचा
(दफा ४ को उपदफा २ सँग सम्बन्धित)

विषयः नवीकरण सम्बन्धमा ।

श्री..............................
...................................।

महाशय,
तपाईंको फर्मरकम्पनीले .......................सम्बन्धी उद्योगको नवीकरण गरि पाऊँ भनी यस कार्यालयमा पेश गर्नु भएको निवेदन र संलग्न कागजात उपर कारबाही हुँदा मिति..............................को निर्णयानुसार तपाईंको फर्म/कम्पनीको चालु आ.व................का लागि नवीकरण गरिएको छ । प्रचलित कानुनको पालना गरी कार्य गर्नु गराउनु होला ।
(१) अनुमति प्राप्त गर्ने फर्म/कम्पनीको नामः - (२) संचालकको नामः
(३) ठेगानाः -
(४) फर्म/कम्पनी संचालन गर्ने स्थानः -
(५) चार किल्लाः -
नवीकरण प्रदान गर्नेको
नामः -
पदः -
दस्तखतः -
मितिः

अनुसुची -५
सुझाव समितिले स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्दा आधार लिने चेक लिष्ट
(दफा ५ सँग सम्बन्धित)

१ उत्खनन र संकलन गर्न अनुमति प्राप्त क्षेत्रबाट संकलन गरिने बालुवा माटोको स्रोत:

वर्षाद्को वाढीले बगाएर ल्याएको स्थलको बालुवा माटो संकलन गर्ने अवस्था रहे नरहेको ।

- ☐ रहेको
- ☐ नरहेको

२ उपमहानगरपालिका लगायत निकायबाट अनुमति लिई पर्ति सरकारी बाहेकका क्षेत्रको माटो, बालुवा उत्खनन गरी संकलन गरी उद्योग संचालन गर्ने अवस्था रहे नरहेको:

- ☐ रहेको
- ☐ नरहेको

३ वस्ती तथा वन क्षेत्र नजिक उद्योग संचालनको अवस्था रहे नरहेको:(

- ☐ रहेको
- ☐ नरहेको

४ फोहोर पानी संकलन गरी प्रशोधन गर्ने Treatment Plant राखी प्रदूषण नियन्त्रणका उपाय अवलम्बनको अवस्था:

१. Treatment Plant भए नभएको । भएमा सोको क्षेत्रफल:

२. सिधै नदी, सार्वजनिक जग्गा भएको क्षेत्रमा फोहोर पानी पठाउने व्यवस्था:

- ☐ भए
- ☐ नभएको

३. ध्वनि प्रदूषणका लागि अत्याधुनिक मेसिन छ छैन ।
४. अन्य उपाय भए सो उल्लेख गर्ने:
५. कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता:

- ☐ भए
- ☐ नभएको

६. VAT, PAN मा दर्ता भए नभएको:

- ☐ भए
- ☐ नभएको

७. स्थानीय जनतालाई रोजगारी दिने अवस्था रहे नरहेको:

- ☐ भए
- ☐ नभएका

८. प्रशोधन उद्योगले नगरपालिका लगायत सरकारी निकायलाई  कर तिर्ने प्रतिवद्धता जनाएको नजनाएको:

☐ जनाएको
☐ नजनाएको

९.उद्योग संचालन सम्बन्धी विवरण:

जमिनको क्षेत्रफल:
कुल पुंजी:
चालु पूँजी:
भवन:
मेसिनरी औजार:
सार्वजनिक सडकको चौडाइ

१०. उद्योगमा कार्यरत कामदारको विमाको व्यवस्था गर्ने  प्रतिबद्धता जनाएको अवस्था रहे नरहेको:

☐ जनाएको

☐ नजनाएको

११. उद्योग संचालकले उद्योग रहेको क्षेत्रमा समाज सेवाका काम  गर्ने प्रतिबद्धता जनाएको नजनाएको:

☐ जनाएको

☐ नजनाएको

१२, संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन वा प्रारम्भिक  वातावरणीय परीक्षण तयार भए नभएको:

तयार भएको
तयारीको चरणमा रहेको
तयार हुन बाँकी

१३. जमिन प्रयोग गर्ने आधार:

उद्योगको नामको जग्गा भए सोको क्षेत्रफल:
भाडामा लिएको भए: क्षेत्रफल र सम्झौता अवधि

१४, सुझाव समितिको राय:

प्रतिवेदन पेश गर्ने